चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शहिद स्मृती नगर अस्पताल
चौरजहारी १०, खोलागाउँ, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

आज मिति २०७८/०५/२० गते यस शहीद स्मृती नगर अस्पतालको बैठक यस नगरपालिकाका नगर प्रमुख श्री विशाल शर्माको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न लिखित निर्णय उपर छलफल गरियो ।

तपसिल

१. श्री विशाल शर्मा — नगर प्रमुख
२. श्री राधा रोकाय — नगर उप-प्रमुख
३. श्री गोकुल ढुङ्गेल — प्रमुख प्रशासकिय अधिकृत
४. श्री घम बहादुर के.सी. — वडा अध्यक्ष वडा नं. १०
५. श्री टिकाराम ओली — ११ नं. वडा अध्यक्ष
६. डा. विवेक के.सी. — मेडिकल अधिकृत
७. श्री डण्ड प्रसाद शर्मा — सह-संयोजक (स्वास्थ्य शाखा)
८. श्री चुडामनी के.सी. — ज.स्वा.नि.
९. श्री टेकेन्द्र आचार्य — प्रशासन
१०. श्री विश्व प्रकाश ओली — हे.अ.
११. श्री शंकर वि.क. — समाजसेवी
१२. श्री डिल्ला महतारा — नगर कार्यपालिका सदस्य
१३. श्री विरेन्द्र वि.क. — समाजसेवी
१४. श्री विरेन्द्र रोकाय — समाजसेवी
१५. श्री निम बहादुर बुढाथोकी — समाजसेवी
१६. श्री नगे घर्ती — ॥
१७. श्री राजबहादुर प्र. जैसवाल — वडा ५ / सिभिल [illegible]

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शहिद स्मृती नगर अस्पताल
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## मिति २०७८/०५/३० गते नगर प्रमुख श्री विशाल शर्माज्युको अध्यक्षतामा बसेको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरु

(क) प्रस्तावहरु

१. अस्पताल सञ्चालक समिति गठन गर्ने प्रस्ताव सम्बन्धमा ।

२. अस्पतालको सेवा शुल्क सम्बन्धि प्रस्ताव सम्बन्धमा ।

३. जिम्मेवारी तथा खाता सञ्चालन गर्ने प्रस्ताव सम्बन्धमा ।

४. स्वास्थ्य वीमा सेवा विस्तार गर्ने प्रस्ताव सम्बन्धमा ।

५. विविध ।

(ख) निर्णयहरु

१. अस्पतालको सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी ढंगले सञ्चालन गर्न १५ शैयासम्मको नगर अस्पताल स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि,२०७७ दफा १० बमोजिम देहाय बमाजिमको शहीद स्मृति नगर अस्पताल सञ्चालक समिति गठन गरियो ।

(क) श्री राधा रोका - अध्यक्ष

(ख) श्री धरम बहादुर के.सी. - सदस्य

(ग) श्री टिकाराम ओली - सदस्य

(घ) श्री डिला महतारा - सदस्य

(ङ) श्री डण्ड प्रसाद शर्मा - सदस्य

(च) श्री निम बहादुर बुढाथोकी - सदस्य

(छ) श्री चुडामणी के.सी. - सदस्य सचिव

राधा रोका
नगर उप प्रमुख

विशाल शर्मा
प्रमुख

२. चौरजहारी नगरपालिका नगर कार्यपालिकाको निर्णय तथा सोयाको अस्पताल सञ्चालन कार्यविधि २०७७ र आर्थिक कार्यविधि, २०७७ को अनुसूची १२ क बमोजिम निर्धारण गरिएको अस्पतालको सेवा शुल्कमा देहाय बमोजिम गरियो ।

(क) चौरजहारी नगरपालिकामा बसोवास गर्ने शहीद परिवारका आमा,वुवा,श्रीमति/श्रीमान,छोरा र छोरीलाई स्वास्थ्य वीमाको वीमाशुल्क नगरपालिकाले व्यहोरी स्वास्थ्य वीमा मार्फत निःशुल्क स्वास्थ्य सेवा दिने ।

(ख) जनयुद्धका घाईते अपाङ्ग साथै क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई नगरपालिकाद्वारा स्वास्थ्य वीमा प्रदान गरि निःशुल्क स्वास्थ्य सेवा दिने ।वीमा नगरिएको अवस्थामा अस्पतालवाट दिने सबै सेवाको ५० प्रतिशत छुट दिने ।

(ग) अति विपन्न गरिब,असहाय,जेष्ठ नागरिक र गर्भवती महिलाको उपचार गर्दा प्रेषण गर्नुपर्ने भएमा सोको अभिलेख राखी निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने ।

(घ) २ (दुई) बर्ष भन्दा मुनिका शिशुको उपचार सेवा निशुल्क प्रदान गर्ने ।

(ङ) विश्व महामारीको रुपमा फैलिएको कोभिड- १९ संक्रमित विरामिरुको स्वास्थ्य उपचार र प्रेषण सेवा निशुल्क प्रदान गर्ने ।

(च) ५ वर्ष मुनिका शिघ्र कूपोषण भएका वालवालिकाहरुलाई उपचार तथा व्यवस्थापन गर्न यथाशिघ्र वहिरङ्ग उपचार केन्द्र (OTC) स्थापना गरि सेवा सूचारु गर्ने ।

(छ) गर्भवति महिलालाइ सबै प्रकारका सेवा निःशुल्क प्रदान गर्ने ।

३. अस्पतालको सेवा प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिक गतिविधिको व्यवस्था लेखा प्रणालीलाई चुस्त दुरुस्त राख्न जनस्वास्थ्य निरिक्षक श्री चुडामणी के.सी. लाई अस्पताल प्रशासकको जिम्मेवारी दिने र अस्पतालको आम्दानि खर्च सञ्चालन गर्न जनस्वास्थ्य निरिक्षक श्री चुडामणी के.सी. र आर्थिक प्रशासन शाखामा कार्यरत लेखा सहायक श्री अनिल के.सी.को नाममा खाता सञ्चालन गर्ने ।

४. सबै नागरिकलाई स्वास्थ्य विमाको पहुँचमा ल्याउन नेपाल सरकारको नीति अनुरुप नगरपालिकाका ५,६,१०,११,१२,१३ र १४ वडामा बसोवास गर्ने, कुमाख गाउँपालिका र दार्मा गाउँपालिकाको सिमा क्षेत्रमा बसोवास गर्ने सबै नागरिकहरुलाई स्वास्थ्य विमा अनिवार्य रुपमा गर्न उत्प्रेरित गरि स्वास्थ्य विमा अभियान सञ्चालन गर्ने । सो अभियान सफल बनाउन शहीद स्मृति नगर अस्पतालले विमा गराउने वडाका दर्ता सहयोगीहरुलाई परिचालन गरि सबै नागरिकहरुलाई स्वास्थ्य विमाको पहुँचमा ल्याउने व्यवस्था मिलाउने ।

५. बैठक शौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो ।

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख